आज मिति २०८२ साल चैत्र महिनाको २२ गतेका दिन बिहान ८ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८८औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री [illegible] त्रिवेदी | [illegible] | |
| ३ | श्री चित्रा घर्ति मगर | [illegible] | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८८
मिति: २०८२/१२/२२
समय: बिहान ८ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. एक पालिका एक चिस्यान केन्द्र सम्वन्धमा।
३. कृषि हाटबजार सम्बन्धमा।
४. सवारी साधनको इन्धन तथा मर्मत सम्वन्धमा।
५. शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा।
६. ए.आर.भी भ्याक्सिन खरिद सम्वन्धमा।
७. हेमोडायलिसिस सेवा आर्थिक सहयोग सम्बन्धमा।
८. वाखा प्रवर्द्धन कार्यक्रम सम्वन्धमा।
९. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१०. एकमुष्ठ अनुदान सम्बन्धमा।
११. विभिन्न निवेदन सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं.(१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८२/११/२५ गते बसेको ८७औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं.(२) प्रस्ताव नं. २** माथि छलफल गर्दा हालसम्म यस पालिकामा चिस्यानकेन्द्र नगरहेकोले करिब ५ रोपनी सरकारी जग्गामा चिस्यानकेन्द्र संचालनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार काठमाडौंमा मागको लागि विवरण उपलब्ध गराउने।

**निर्णय नं.(३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस नगरपालिकाको सार्वजनिक जग्गाको विभिन्न ५ ठाँउमा १० रोपनी जग्गामा नयाँ हाटबजार संचालनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार काठमाडौंमा मागको लागि विवरण पठाउने।

**निर्णय नं.(४) प्रस्ताव नं. ४** माथि छलफल गर्दा सवारी साधनको इन्धन खर्च रकम अपुग भएकोले कर्मचारी इन्धन सुविधा शीर्षकबाट दिने र सवारी साधन मर्मतको लागि अपुग रकम रु ५ लाख टेन्डर सम्बन्धी सूचना प्रकाशन खर्च शीर्षकबाट रकमान्तर गरी रकम भुक्तानी गर्ने।

स्वर्गद्वारी नगरपालिका २०७२

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं.(५) प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत तपसिलको विद्यालयमा रहेको दरबन्दी तपसिल अनुसार कटौती गरी व्यवस्थापन गर्ने साथै श्री बालतपश्वी बेद विद्यालय गुरूकुलममा नि.मा.वि. तहको एक नगरपालिका अनुदान कोटा थप गर्ने।

तपसिल:

| क्र.स. | कार्यरत शिक्षकको नामथर | दरबन्दी प्रकार | दरबन्दी कटौती गरिएको विद्यालय | दरबन्दी व्यवस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुल्सीराम खनाल | शिक्षण सिकाइ अनुदान कोटा मा.वि. तह | बालतपश्वी बेद विद्यालय गुरूकुलम स्व.न.पा-२ | बालसँस्कृत मा.वि.धरमपानी स्व.न.पा-२ | |
| २ | कमला पोखेल | शिक्षण सिकाइ अनुदान कोटा मा.वि. तह | बालसँस्कृत मा.वि.धरमपानी स्व.न.पा-२ | बाल मा.वि खाल स्व.न.पा-२ | |

**निर्णय नं.(६) प्रस्ताव नं. ६** माथि छलफल गर्दा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने।

**निर्णय नं.(७) प्रस्ताव नं. ७** माथि छलफल गर्दा हेमोडायलिसिस गर्ने बिरामीहरुलाई डायलिसिसको लागि प्यूठान अस्पताल बिजुवार पठाउनको लागि नगरपालिकाबाट सार्वजनिक सूचना प्रकाशन गरी विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०८० बमोजिम पारिवारिक आर्थिक अवस्था कमजोर भएका बिरामीहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा छनौट गरी पठाउने साथै उक्त कार्यक्रमको लागि १ लाख रुपैया अनुदान सहायता अतिथि सत्कार खर्च शिर्षकबाट रकामान्तर गरी भुक्तानी गर्ने।

**निर्णय नं.(८) प्रस्ताव नं. ८** माथि छलफल गर्दा पशु सेवा शाखाको आ.व.२०८२/०८३ को संघीय शसर्त अनुदान तर्फको बाखा प्रवर्द्धन कार्यक्रममा सहभागी हुनको लागि दर्तावाला व्यक्तिगत फर्मको हकमा कम्तिमा १५वटा माउँ बाखा भएको कृषकबाट र दर्तावाला कृषक समुह/सहकारीको हकमा कम्तिमा २०० माउँ बाखा पालन गरेका कृषकहरुवाट आवेदन संकलनको लागि सूचना प्रकाशन गर्ने।

**निर्णय नं.(९) प्रस्ताव नं. ९** माथि छलफल गर्दा मिति २०८२/१२/०२ गते बसेको तपसिलको नगरशिक्षा समितिको निर्णय अनुमोदन गर्ने।

तपसिल:

प्रस्तावहरु

३. विभिन्न विद्यालयहरुको कक्षा थपको लागि अनुमति सम्बन्धमा।

४. विभिन्न विद्यालयहरुको अंग्रेजी माध्यममा कक्षा संचालनको लागि अनुमति सम्बन्धमा।

स्वर्गद्वारी नगरपालिका २०७३

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

३. प्रस्ताव नं. ३ विभिन्न विद्यालयहरुको कक्षा थपको लागि अनुमति सम्वन्धमा छलफल गर्दा देहायका विद्यालयहरुवाट माथिल्लो कक्षा थप गर्न अनुमतिको लागि माग भई आएकोले तपशिलका विद्यालयहरुलाई शैक्षिक सत्र २०८३ वाट देहाय बमोजिमको कक्षा संचालन गर्ने अनुमतिको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

| क्र.स. | विद्यालयको नाम र ठेगाना | हाल सञ्चालित कक्षा | थपको लागि अनुमति प्रदान गर्ने कक्षा | कै. |
|---|---|---|---|---|
| १ | श्री जनप्राणी आधारभूत विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. १ कुसुण्डे । | कक्षा १ देखि कक्षा ६ | कक्षा ७ | |
| २ | श्री ने.रा. प्राथमिक विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. १ घुर्चे । | कक्षा १ देखि कक्षा ५ | कक्षा ६ | |
| ३ | श्री जनसम्पर्क आधारभूत विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. ६ तिमिले । | कक्षा १ देखि कक्षा ७ | कक्षा ८ | |

४. प्रस्ताव नं. ४ विभिन्न विद्यालयहरुको अंग्रेजी माध्यममा कक्षा संचालनको लागि अनुमति सम्वन्धमा छलफल गर्दा देहायका विद्यालयहरुवाट अंग्रेजी माध्यममा कक्षा संचालन गर्न माग भई आएकोले तपसिलका विद्यालयहरुलाई शैक्षिक सत्र २०८३ वाट देहाय बमोजिमको कक्षा अंग्रेजी माध्यमबाट संचालन गर्ने अनुमतिको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

| क्र.स. | विद्यालयको नाम र ठेगाना | हाल सञ्चालित कक्षा | अंग्रेजी माध्यममा संचालनको अनुमति प्रदान गर्ने कक्षा | कै. |
|---|---|---|---|---|
| १ | श्री बालज्योति प्राथमिक विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. ७ ढाँजाखोला। | कक्षा १ देखि कक्षा ४ | कक्षा १ | |
| २ | श्री जनता प्राथमिक विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. ५ मैटार। | कक्षा १ | कक्षा १ | |
| ३ | श्री जनता ने.रा प्राथमिक विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. ५ जरुवाखेत। | कक्षा १ र कक्षा २ | कक्षा १ र कक्षा २ | |
| ४ | श्री वेलवास माध्यमिक विद्यालय, स्वर्गद्वारी नगरपालिका वडा नं. ७ तापा। | कक्षा १ देखि कक्षा १० | कक्षा १ | |

**निर्णय नं.(१०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ सिर्पेगैरामा सञ्चालित जनज्योती बालविकास केन्द्र सिर्पेगैरालाई एकमुष्ठ अनुदान स्वरूप रु २,३९,६५०/-(अक्षरूपी दुई लाख उनान्चालिस हजार छ सय पचाँस) रकम नगरपालिका अनुदान शिक्षक, प्रारम्भिक बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको तलव/थप भत्ता तथा पोशाक भत्ता शीर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने।

**निर्णय नं.(११)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगरपालिमा विभिन्न समयमा प्राप्त निवेदनको सन्दर्भमा तपसिल बमोजिमको गर्ने।

तपसिल:

स्वर्गद्वारी नगरपालिका २०७२

प्रमुख प्रशासकीय अधिकृत

| क.स. | निवेदकको नामथर/ठेगाना | विषय | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनकल्याण माध्यमिक विद्यालय ऐरावती गा.पा.२ रानिबास प्यूठान | सहयोग गरिदिने सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| २ | श्री काली देवी गोराथोकी स्व.न.पा-७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ३ | श्री खगीराम कामी स्व.न.पा-७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ४ | गुमान प्रसाद गोराथोकी स्व.न.पा-६ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ५ | मिना खत्री स्व.न.पा-८ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ६ | नेपाल मगर संघ जिल्ला कार्य समिति प्यूठान | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ७ | जिल्ला प्रहरी कार्यालय(अपराध अनुसन्धान शाखा) खलंगा प्यूठान | आर्थिक सहयोग सम्बन्धमा। | मेसिनरी औजार तथा सवारी साधनको भाडा शीर्षकबाट १७ हजार दिने। | वेवारिसे लास व्यवस्थापन |
| ८ | एकराज खत्री स्व.न.पा-९ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ९ | जुठि पुन मगर स्व.न.पा-७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| १० | पुनाराम घर्ति मगर स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| ११ | कुन्त बहादुर सुनार स्व.न.पा-९ | सहुलियत कर्जा | जग्गा लिलाम प्रक्रियामा जाने। | |
| १२ | स्मृति बाखा पालन फर्म(रविश्वर घर्ति मगर) स्व.न.पा-१ | सहुलियत कर्जा | जग्गा रोक्का प्रक्रियामा जाने। | |

स्वर्गद्वारी नगरपालिका २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३ | भोजराज पोखेल<br>स्व.न.पा-३ | आर्थिक सहयोग सम्बन्धमा। | विपद् कार्यविधि अनुसार दिने। | |
| १४ | कमला देवी श्रेष्ठ<br>स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| १५ | इन्द्रा देवी पुन मगर<br>स्व.न.पा-२ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट ५० हजार दिने। | |
| १६ | इन्द्र बहादुर सुनार<br>स्व.न.पा-३ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | |
| १७ | इलाका प्रशासन कार्यालय<br>जस्पुर, प्यूठान | आवश्यक सहयोग सम्बन्धमा | वडा कार्यालयको सोलार प्यानल र व्याकअप खरिद गर्दा समावेश गरी एक थान स्टेपलाईजर हस्तान्तरण गर्ने। | |

अन्त्यमा आजको ८८औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

(रमन्त बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner